अपिहिमाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : १० संख्या : ०१ मिति : २०८३/०६/२१

भाग - २

अपिहिमाल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली , २०८३

कार्यपलिकाको स्वीकृत मिति

२०८३।०६।२१

प्रस्तावना: अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ लाई संशोधन गर्न आवश्यक भएकोले,सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी अपिहिमाल गाउँपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१). यी नियमहरुको नाम अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद(तेस्रो संशोधन) नियमावली, २०८३ रहेको छ ।

(२). यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मुल नियमावलीको नियम २ मा संशोधनः** मुल नियमावलीको नियम २ को खण्ड (ह) पछि देहायका खण्ड (क्ष), (त्र) र (ज्ञ) थपिएका छन्:

(क्ष) "डिजाइन र निर्माण सम्झौता" भन्नाले निर्माण कार्यको डिजाइन र निर्माण कार्य एउटै निर्माण व्यवसायीबाट गराउनको लागि गरिने खरिद सम्झौता सम्झनु पर्छ।

(त्र) "ई.पी.सी. सम्झौता" भन्नाले निर्माण सम्बन्धी आयोजनाको डिजाइन सहित ईन्जिनियरिङ्ग खरिद र निर्माण चरणका कार्यहरु तथा आवश्यकता अनुसार निर्धारित अवधिका लागि गर्नु पर्ने मर्मत सम्भार र संचालन समेत निर्माण व्यवसायीबाट गराउनका लागि गरिने खरिद (ईन्जिनियरिङ्ग, प्रोक्युरमेन्ट र कन्स्ट्रक्सन) सम्झौता सम्झनु पर्छ ।

(ज्ञ) "टर्न की सम्झौता" भन्नाले अनुसूची-७ को खण्ड (ङ) वा अनुसूची-८ को खण्ड (ञ) बमोजिमको सम्झौता सम्झनु पर्छ ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधनः** नियमावलीको नियम ३ को उपनियम (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गरिएको छः

(ट) कार्यालयले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिद कार्यको प्रकृया सुरु गर्नु अघि कम्तीमा आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय पक्षमा आयोजनाको सम्भाव्यता अध्ययन गरी सोको आधारमा प्रतिवेदन तथा आयोजनाको प्रारुप डिजाईन (कन्सेप्च्युअल डिजाईन) समेत तयार गर्ने ।

नियमावलीको नियम ३ को उपनियम (१) पछि देहायको उपनियम (२) थप गरिएको छः

"(२) उपनियम (१) को खण्ड (ट) बमोजिमको प्रतिवेदनमा उल्लिखित विवरणलाई डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताको लागि प्रारम्भिक आधारको रुपमा लिन समिनेछ र उक्त विषय बोलपत्रसम्बन्धी कागजातमा समेत उल्लेख गर्नु पर्नेछ ।

४. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को उपनियम (३) पछि देहायको उपनियम (३क.) थप गरिएको छः

(३क) उपनियम (३) को प्रयोजनका लागि प्रचलित मापदण्ड स्वीकृत मानक डिजाइन वा स्थापित सामान्य डिजाइन विधि बमोजिम डिजाइन गर्न सकिने पुल सडक भवन अन्य पूर्वाधार संरचनालाई त्यसको नाम वा प्रकारका आधारमा मात्र जटिल र विशेष प्रकृतिको संरचना मानिने छैन ।

५. **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को उपनियम (२) झिकिएको छ ।

मूल नियमावलीको नियम ११ को उपनियम (७) पछि देहायको उपनियम (८) थप गरिएको छः

"(८) डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने निर्माण कार्यको लागि अनुसूची-२क बमोजिम र ई.पि.सी. सम्झौताका माध्यमबाट गरिने निर्माण कार्यको लागि अनुसूची-२ख बमोजिमको ढाँचामा लागत अनुमान तयार गर्नु पर्नेछ ।

६. **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थप गरिएको छः

(३) रासायनिक मलको लागत अनुमान तयार गर्दा देहायका कुरालाई समेत आधार लिनु पर्नेछ।

(क) मान्यता प्राप्त अन्तराष्ट्रिय मूल्य विश्लेषक कम्पनीले प्रकाशित गरेको प्रतिवेदनमा उल्लिखित सम्बन्धित क्षेत्र वा देशको प्री अन बोर्ड (एफ.ओ.बी) मूल्य,

"(ख) जहाज भाडा, स्टेभडोरिड, पोर्ट खर्च,

"(ग) प्याकेजिङ्ग, क्लियरिङ, फर्वार्डिङ्ग, रेल्वे, ढुवानी खर्च ।

"(४) रासायनिक मल खरिदको हकमा उपनियम (१), (२) र (३) बमोजिम तयार गरिएको लागत अनुमानमा बोलपत्र पेस गर्ने अन्तिम मिति र समाप्त हुनुभन्दा अगाडि अन्तरराष्ट्रिय मूल्य विश्लेषण कम्पनिले प्रकाशित गरेको पछिल्लो प्रतिवेदनमा उल्लेखित प्रि अन बोर्ड (एफ.ओ.बी.) मूल्यको आधारमा संशोधन गरी लागत अनुमान तयार गर्नु पर्नेछ ।

"(५) उपनियम (४) बमोजिम तयार गरिएको संशोधित लागत अनुमानका कारणले बोलपत्र जारी गर्दाका बखत निर्धारण गरिएका मूल्याङ्कनका आधारहरु तथा बोलपत्र जमानतको रकममा संशोधन गर्नु पर्ने छैन ।

७. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ को उपनियम (१) को खण्ड (क) झिकिएको छ ।

८. **मूल नियमावलीको नियम १३ पछि नियम १३क. थप गरिएकोः** १३क. कार्यालयको कर्मचारीबाट डिजाइन गराउन वा सुपरिवेक्षण टोलीमा संलग्न गराउन सक्नेः (१) कार्यालयमा दक्ष प्राविधिक कर्मचारी उपलब्ध भएमा त्यस्ता कर्मचारीबाट आयोजनाको डिजाइन तयार गराउन वा परामर्शदाता मार्फत गराइने सुपरिवेक्षण कार्यको टोलीमा त्यस्ता कर्मचारीलाई संलग्न गराउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम डिजाइन तयार गर्ने कार्यमा वा सुपरिवेक्षण टोलीमा संलग्न कर्मचारीलाई कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम अतिरिक्त प्रोत्साहन सुविधा दिन सकिनेछ ।

९. **मूल नियमावलीको नियम १५ मा संशोधनः** मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (क) मा पाँच करोडको सट्टा पन्ध्र करोड लेखिएको छ । खण्ड (ख) र (ग) मा दश करोडको सट्टा पचास करोड लेखिएको छ ।

१०. **मूल नियमावलीको नियम १८ मा संशोधनः** मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ लेखिएको छः

<u>स्वदेशी मालसामान खरिद गर्नु पर्ने</u> : कार्यालयले यस नियमावलीमा उल्लिखित कुनै विधि छनौट गरी खरिद गर्दा विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महंगो भए तापनि स्वदेशी मालसामान नै खरिद गर्नु पर्नेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि ऐनको दफा २५ बमोजिम यकिन भएको बोलपत्रको औसत अंकको सबैभन्दा नजिकको बोलपत्रदाताले प्रस्ताव गरेको मालसामान विदेशी भएमा त्यसपछि नजिकको स्वदेशी मालसामान प्रस्ताव गर्ने बोलपत्रदाताको कबुल अंक सो विदेशी सामान प्रस्ताव गर्ने बोलपत्रदाताको भन्दा पन्ध्र प्रतिशतसम्म महंगो भएमा त्यस्तो बोलपत्र नै छनौट गर्नुपर्नेछ ।

११. **मूल नियमावलीमा नियम २२क. थपः** मूल नियमावलीको नियम २२ पछि देहायको नियम २२क. थप गरिएको छः

२२क. <u>संरचनात्मक वा एकाई दर सम्झौता</u> : (१) कार्यालयले संरचनात्मक वा एकाई दर सम्झौता गर्दा अनुसूची-७ को खण्ड (ख) बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

(२) संरचनात्मक वा एकाई दर सम्झौता सम्बन्धी व्यवस्था दुई चरणमा हुनेछ । यो सम्झौता पाँच वर्षसम्मको लागि गर्न सकिनेछ ।

"(३) संरचनात्मक वा एकाई दर सम्झौताको लागि राष्ट्रियस्तरको बोलपत्रका हकमा कम्तीमा तीस दिनको अवधि दिई पहिलो चरणमा कार्यालयले मालसामान आपूर्तिको लागि बोलपत्र आह्वान गरी योग्यताका आधारमा सफल हुने बोलपत्रदाताको संक्षिप्त सूची तयार गर्नु पर्नेछ । पहिलो चरणमा संक्षिप्त सूचीमा समावेश हुने बोलपत्रदातासँग संरचनात्मक वा एकाई दर बोलपत्र जमानत आवश्यक पर्ने छैन ।

"(४) दोस्रो चरणमा कार्यालयले प्रथम चरणमा छनौट भई संरचनात्मक वा एकाई दर सम्झौता गरिएका आपूर्तिकर्ताहरुबाट बन्द सूचीका आधारमा वा एकाई दर आपूर्तिकर्तालाई समेत प्रतिस्पर्धा गराउने गरी कल अफ कन्ट्रयाक्ट गर्न सक्नेछ । यसरी दोस्रो चरणमा सार्वजनिक निकायले कल अप कन्ट्रयाक्ट गर्दा निश्चित, अनिश्चित वा आवश्यकता अनुरुपको परिमाणमा तोकिएको समयमा आपूर्ति गर्न सर्तहरु उल्लेख गरी कल अफ कन्ट्रयाक्ट गर्न सक्नेछ ।

१२. **मूल नियमावलीको नियम २३ मा संशोधनः** मूल नियमावलीको नियम २३ को प्रावधानलाई उपनियम (१) बनाइ देहायको उपनियम (२) र (३) थप गरिएको छः

"(२) कार्यालयले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट निर्माण कार्य गर्दा आयोजनाको प्रकृति अनुसार डिजाइन र निर्माण सम्झौताका हकमा निर्माण सम्पन्न भएको कम्तिमा पाँच वर्ष त्रुटी सच्याउने अवधि र ई.पी.सी. सम्झौताका हकमा कम्तीमा पाँच वर्ष त्रुटि सच्याउने अवधि तथा संचालन र मर्मत सम्भारको अवधि सम्झौतामा स्पस्ट रुपमा खुलाउनु पर्नेछ ।

"(३) ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसमेपादन (लम्पसम कन्ट्रयाक्ट) को आधारमा प्रतिस्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्नु पर्नेछ ।

१३. **मूल नियमावलीको नियम २७ मा संशोधनः** मूल नियमावलीको नियम २७ को उपनियम (१) को खण्ड (ग) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः

"तर ई.पी.सी. सम्झौताका हकमा विशेष अनुभव माग गर्दा एकल बोलपत्रदाता भए डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौता वा टर्न की सम्झौताका माध्यमबाट लागत अनुमानको कम्तीमा चालिस प्रतिशत बराबरको समान प्रकृतिको कार्य गरेको र संयुक्त उपक्रमको बोलपत्रदाता भए कुनै एक साझेदारले डिजाइन र निर्माण वा टर्न की सम्झौताका माध्यमबाट लागत अनुमानको कम्तीमा चालिस प्रतिशत बारबरको समान प्रकृतिको कार्य गरेको र प्रत्येक साझेदारले लागत रकम बराबरको सार्वजनिक निर्माणको कुनै पनि क्षेत्रमा काम गरेको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

मूल नियमावलीको नियम २७ को उपनियम (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गरिएको छः

"(छ) डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिदका सम्बन्धमा बोलपत्रदाताको प्रस्तावित आयोजना सम्बन्धी बुझाइ (अन्डरस्टयान्डिङ) आयोजना डिजाइन विधि, कार्यान्वयन पद्धती सम्बन्धी कागजात ।

मूल नियमाली नियम २७ को उपनियम (२) पछि उपनियम (२ख.) झिकिएको छ ।

मूल नियमवालीको नियम २७ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) लेखिएको छः

(४). उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले औचित्य पुष्टयाइ गरी योग्यता निर्धारण गर्न आवश्यक ठानेको दुई करोड रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यका लागि योग्यता निर्धारण गरी ऐनको दफा ११ को उपदफा (४) बमोजिम एक खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ ।

१४. **मूल नियमावलीको नियम २७ पछि नियम २७क. थप गरिएकोः** मूल नियमावलीको नियम २७ पछि देहमायको नियम २७क. थप गरिएको छः

२७क. प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण गर्ने आधारः (१) ऐनको दफा १० को उपदफा (२ख) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले जटिल भनि निर्धारण गरेका निर्माण कार्य र स्वीकृत लागत अनुमान एक अर्ब पचास करोड रुपैयाभन्दा बढी भएका ठूला निर्माण कार्यको हकमा प्राविधिक र आर्थिक प्रस्तावको लागि अङ्कभार बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अङ्कभार उल्लेख गर्दा खरिद कार्यको प्रकृति र जटिलता अनुसार प्राविधिक र आर्थिक प्रस्तावको कुल अङ्कभारलाई एक सय अंक हुने गरी र त्यस्तो कुल अङ्कभार मध्ये प्राविधिक प्रस्तावको अङ्कभार र आर्थिक प्रस्तावको अङ्कभार क्रमशः पचास-पचास हुने गरी निर्धारण गर्नु पर्नेछ।

(३) सार्वजनिक निकायले प्राविधिक प्रस्ताव मूल्यांकन गर्न उपनियम (२) बमोजिम प्राविधिक प्रस्तावको लागि तोकिएको अङ्कभारलाई एक सय अङ्क मानी देहायबमोजिम समुह र उपसमुहको अंकभार उल्लेख गर्नु पर्नेछः

क्र.सं.	समुह	उपसमुह	अंकभार
१	कार्यसम्पादनको दृष्टिकोण तथा कार्यविधि	प्रस्तावित कार्यको गुणस्तर सुनिश्चितता योजना, कार्यक्षेत्र, डिजाइनको उपयुक्तता तथा दक्षता	५
		निर्माण कार्यविधि प्रविधि तथा नवप्रवर्तन	
		कार्यतालिका तथा परियोजना योजना	
		लैङ्गिक, सामाजिक र वातावरणीय प्रभाव, न्यूनीकरण योजना	
		जोखिम व्यवस्थापन योजना	
२	विगतको कार्यसम्पादन	विगत पाच वर्षमा बोलपत्र सम्बन्धी कागजातमा तोकिएको समान प्रकृति र जटिलताको निर्माण कार्य सफलतापूर्वक सम्पन्न गरेको प्रत्येक खरिद सम्झौता वापत दुई अंकका दरले लगातार पछिल्ला पाचवटासम्म खरिद सम्झौताका लागि दश अंक	७५
		विगत पाच वर्षमा सुरु खरिद सम्झौतामा निर्धारित कार्य सम्पन्न गर्नुपर्ने मितिभित्र वा सो मिति अगावै सफलतापूर्वक सम्पन्न गरेको प्रत्येक खरिद सम्झौता वापत सात अंका दरले लगातार पछिल्ला पाचवटासम्म खरिद सम्झौताका लागि पैतिस अंक	

		विगत पाच वर्षमा सुरु खरिद सम्झौतामा निर्धारित कार्य सम्पन्न गर्नु पर्ने मिति भन्दा कम्तीमा दुई सय दिन अगावै सफलतापूर्वक सम्पन्न गरेको कुनै एउटा खरिद सम्झौताको लागि दश अंक	
		विगत पाँच वर्षमा सार्वजनिक खरिद अनुगमन कार्यालय वा बैंक वा वित्तीय संस्थाको कालो सूचीमा नरहेको अवस्थामा पाँच अंक	
		विगत पाँच वर्षमा पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अवस्था नभएकोमा दश अंक, कुनै एउटा खरिद सम्झौतामा पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अवस्था भएकोमा पाँच अंक र एक भन्दा बढी खरिद सम्झौतामा पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अवस्था भएकोमा शुन्य	
		सार्वजनिक खरिद सम्बन्धमा विगत पाँच वर्षमा बोलपत्र दाताको विरुद्धमा कुनै अदालत वा मध्यस्थताबाट निर्णय नभएकोमा पाचँ अंक	
३	प्रस्तावित प्रमुख जनशक्ति	प्रस्तावित जनशक्तिको योग्यता	१०
		समान प्रकृतिका परियोजनाको कार्य अनुभव	
		प्रमुख पदमा कार्य गरेको अनुभव	
४	उपकरणको उपलब्धता	उपकरणको संख्या, क्षमता, स्वामित्व, परिचालन अवस्था	१०
		उपकरण परिचालनको योजना	
जम्मा			१००

१५. **मूल नियमावलीको नियम ३७क. मा संशोधनः** मूल नियमावलीको नियम ३७क. को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः

*(२) उपनियम (१) बमोजिम प्राथमिकता दिने प्रयोजनको लागि ऐनको दफा २५ बमोजिम एकिन भएको बोलपत्रको औसत अंकको सबैभन्दा नजिकको बोलपत्रदाता विदेशी भएमा त्यसपछि नजिकको स्वदेशी बोलपत्रदाताको कबुल अंक सो विदेशी बोलपत्रदाताको भन्दा पाँच प्रतिशतसम्म महंगो भएमा त्यस्तो स्वदेशी बोलपत्र नै छनौट गर्नु पर्नेछ ।

१६. **मूल नियमावलीको नियम ३९ मा संशोधनः** मूल नियमावलीको नियम ३९ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः

(४) उपनियम (१) बमोजिमको आर्थिक प्रस्ताव बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोली बोलपत्रदाताको नाम र निजले आर्थिक प्रस्तावमा कबुल गरेको अंक पढेर सुनाई देहायका विषयहरु खुलाई मुचुल्का तयार गर्नु पर्नेछः

(क) बोलपत्रदाताको नाम र ठेगानाः

(ख) कबुल अंक

(ग) प्रस्तावित कबुल अंकमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा

(घ) अंक र अक्षरमा बिच भिन्नता भए सो भिन्नताको विवरण

(ङ) आर्थिक प्रस्तावमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए, नभएको

(च) आर्थिक प्रस्तावमा कुनै कुरा वा व्यहोरा केरमेट गरेको भए सो ठाउँमा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे, नगरेको तथा केरमेट गरेको रकम र व्यहोरा, र

(छ) कार्यालयले उपयुक्त ठानेको अन्य आवश्यक विषयहरु ।

तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

मूल नियमावलीको नियम ३९ को उपनियम (४) पछि देहायको उपनियम (४क.) थप गरिएको छः

(४क.) उपनियम (४) बमोजिम आर्थिक प्रस्ताव खोलेपछि मूल्यांकन समितिले ऐनको दफा २५ र नियम ७०, ७१, ७२, ७३ र ७४ बमोजिम मूल्यांकन गरी बोलपत्रदाताहरुले कबुल गरेको बोल अंकको औसत अंक यकिन गरी सो औसत अंकसंग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभूतरुपमा बढी नभएको बोलपत्र स्वीकृतिको लागि छनौट गर्नु पर्नेछ ।

१७. **मूल नियमावलीको नियम ३९क. मा संशोधनः** मूल नियमावलीको नियम ३९क. को सट्टा देहायको नियम ३९क. राखिएको छः

<u>३९क. दुई खाम विधिबाट गरिने खरिदको कार्यविधि</u> : (१) ऐनको दफा ११ बको उपदफा (५) बमोजिम बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसमान खरिद वा अन्य सेवा वा दुई करोड रूपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखि पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २६, २७ र २९ बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रुपले उल्लेख गरी दुवै खामलाई अर्को छुट्टै खाममा राखी सिलबन्दी गरी सो बाहिरी खाममा बोलपत्र पेस गर्नुपर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रपत्रसाथ संलग्न कागजातको विवरण समेत खुलाउनु पर्नेछ ।

(४) बोलपत्र दाखिला गर्ने अन्तिम म्याद समाप्त भएपछि बोलपत्रदाताबाट प्राप्त बोलपत्रको बहिरी खाम खोली प्राविधिक र आर्थिक प्रस्तावका सिलबन्दी खाम छुट्याउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम छुट्याइएका खामहरु मध्ये पहिलो नियम ६८ को उपनियम (१), (२), (३) र (४) बमोजिमको प्रक्रिया पुरा गरी प्राविधिक प्रस्ताव खोलन् पर्नेछ र आर्थिक प्रस्ताव नखोली सुरक्षित साथ छुट्टै राख्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम खोलिएको प्राविधिक प्रस्तावको नियम ६९, ७१ र ७२ बमोजिम परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निर्धारण भएका सारभूत रूपमा प्रभावग्राही बोलपत्रका बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्नेछ ।

"तर रासायनिक मल खरिदको हकमा आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तर वा अन्तराष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिनको अवधि दिई सूचना गर्नु पर्नेछ ।

(८) उपनियम (६) बमोजिम प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धीत बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ।

तर विद्युतीय खरिद प्रणालीद्धारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता गर्नु पर्ने छैन ।

(९) उपनियम (६) बमोजिमको सारभूत रुपमा प्रभावकारी बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोल्नु पर्नेछ ।

तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

(१०) उपनियम (९) बमोजिम आर्थिक प्रस्तावको खाम खोलेपछि बोलपत्रदाताको नाम र निजले आर्थिक प्रस्तावमा कबुल गरेको अंक पढेर सुनाई देहाय बमोजिमको विवरण खलाई मुचुल्का तयार गर्नु पर्नेछः

क. बोलपत्रदाताको नाम र ठेगानाः

ख. कबुल अंक

ग. प्रस्तावित कबुल अंकमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा

घ. अंक र अक्षरका विच भिन्नता भए सो भिन्नताको विवरण

ङ. आर्थिक प्रस्तावमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए नभएको

च. आर्थिक प्रस्तावमा कुनै कुरा वा व्यहोरा केरमेट गरेको भए सो ठाउँमा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे नगरेको तथा केरमेट गरेको रकम र व्यहोरा र

छ. कार्यालयले उपयुक्त ठानेको अन्य आवश्यक कुराहरु ।

(११) उपनियम (९) बमोजिम आर्थिक प्रस्ताव खोलेपछि प्रत्येक बोलपत्रदाताको आर्थिक प्रस्तावको मूल्यांकन गर्दा प्रस्तावमा कुनै अंक गणितीय त्रुटि पाइएमा सार्वजनिक निकायले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटि सच्याउँदा एकाई दर र कुल रकमबाट

भिन्नता भएमा एकाई दर मान्य हुनेछ र सोही बमोजिम सच्याई कुल रकम कायम गर्नु पर्नेछ । त्यसरी त्रुटि सच्याइएको भएमा सोको जानकारी सम्बन्धित प्रस्तावदातालाई तीन दिनभित्र दिनु पर्नेछ ।

(१२) बोलपत्रदाताले आर्थिक प्रस्तावमा उल्लेख गरेको रकम, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ ।

(१३) प्रस्तावित कबुल अंकमा बोलपत्रदाताले कुनै छुट दिन प्रस्ताव गरिएको कुरा आर्थिक प्रस्ताव खोलेको मुचुल्कामा उल्लेख भएको भए मूल्यांकन समितिले त्यसरी छुट दिन प्रस्ताव गरिएको रकम समायोजन गर्नु पर्नेछ ।

(१४) मूल्यांकन समितिले उपनियम (११), (१२) (१३) सहित ऐनको दफा २५ र नियम ७०, ७१, ७२, ७३ र ७४ बमोजिम मूल्यांकन गरी औसत अंकसंग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूत रुपमा बढी नभएको बोलपत्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ ।

१८. **मूल नियमावलीमा निमय ३९ख. थप गरिएकोः** मूल नियमावलीको नियम ३९क. पछि देहायको नियम ३९ख. र ३९ग. थप गरिएको छः

३९ ख. औसत अंक यकिन गर्ने कार्यविधिः (१) ऐनको दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्यांकन गरी औसत अंक यकिन गर्दा स्वीकृत लागत अनुमानभन्दा सारभूत रुपमा बढी कबुल अंक प्रस्ताव गर्ने बोलपत्रदातालाई मूल्यांकन प्रक्रियाबाट हटाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मूल्कन गर्दा प्राविधिक रुपमा सफल भएका सबै बोलपत्रदाताको बकुल अंक स्वीकृत लागत अनुमानभन्दा सारभूत रुपमा बढी भएको कारणले सबै बोलपत्रदाता मूल्कन प्रक्रियाबाट हट्ने अवस्था भएमा खरिद कारवाही रद्द गर्नअघि सबैभन्दा कम कबुल अंक प्रस्ताव गर्ने बोलपत्रदातासंग ऐनको दफा २६ को उपदफा (१ग) र (१घ) को अधिनमा रही कबुल अंक स्वीकृत लागत अनुमानभित्र कायम गर्नेगरी वार्ता गरी खरिद कारवाही अघि बढाउन सकिनेछ ।

(३) उपनियम (२) बमोजिमको बोलपत्रदातासंग ऐनको दफा २६ को उपदफा (१ग) बमोजिम एकमस्ट छुट प्रतिशतमा सहमति हुन नसकेमा खरिद कारवाही रद्द गरिनेछ ।

३९ ग. (रिभर्भ अक्सन) विधिबाट गरिने खरिदको कार्यविधिः (१) बकुल अंक घटाघट (रिभर्स अक्सन) वित्धिबाट खरिद गर्नु परेमा सार्वजनिक अनुगमन कार्यालयले तयार गरेको प्रणाली मार्फत खरिद गर्नु पर्नेछ ।

(२) पचास लाख रुपैयासम्म लागत अनमान भएको मालसामान वा अन्य सेवा खरिद गर्दा बकुल अंक घटाघट (रिभर्स अक्सन) विधि प्रयोग गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको प्रणालीमा कार्यालयले बोल अंक घटाघट विधिबाट खरिद गर्न सुचना आह्वान गर्नुभन्दा अगावै वा आह्वान गरे पश्चात् बोलपत्रदाताले ग्राह्यता पुस्टि हुने कागजात तथा विवरण पेश गरी तीन हजार रुपैया दस्तर तिरी दर्ता हुनु पर्नेछ ।

(४) यस नियम बमोजिमको खरिद गर्न कार्यालयले उपनियम(१) बमोजिमको प्रणालिमा खरिद कार्यको लागत अनुमान खुलाई कम्तीमा सात दिनको अवधी दिई उपनियम (३) बमोजिम दर्ता भएका बोलपत्रदाताबाट प्रस्ताव माग गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्रस्ताव माग गर्दा देहायका विषयहरु खुलाउनु पर्नेछः

(क) बोलपत्र जमानत

(ख) कबुल अंक घटाघट गर्ने समयावधी (पेश गर्ने समयको अन्तिम आधादेखि एक घण्टा)

(ग) प्रस्ताव पेश गर्ने र खोल्ने समयावधी

(घ) सम्झौताका शर्तहरु

(ङ) प्राविधिक स्पेशिफिकुन तथा वस्तु वा सेवाको विवरण परिमाण, ढुवानी गर्ने र लागत अनुमान

(च) बोपलपत्रदातालाई दिईने निर्देसन र

(छ) ऐन, यस नियमावली र स्टयान्डर्ड विड डकुमेन्टको विपरित नहुने गरी कार्यालयले आवश्यक ठानेका अन्य कुरा ।

(६) बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित कबुल अंक घटाघट हुने समय अवधी अघि उपनियम(४) बमोजिम प्रस्ताव पेश गर्ने बोलपत्रदाताहरुले प्रस्ताव पेश गर्ने समयको अन्तिम आधादेखि एक घण्टाको अवधीमा आफुले कबुल गरेको अंक घटाघट गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम कबुल अंक घटाघटको प्रक्रिया शुरु भएपछि थप प्रस्तावहरु पेश गर्न सकिने छैन ।

(८) कार्यालयले यस विधिबाट खरिद गर्दा जारी गरेको बोलपत्र सम्बन्धी कागजात संशोधन गर्न सक्नेछैन ।

(९) बोलपत्रदाताले एक पटक पेस गरिसकेको प्रस्ताव फिर्ता हुने छैन ।

(१०) उपनियम (६) बमोजिमको अवधीमा सबैभन्दा कम बकुल अंक प्रस्ताव गर्ने बोलपत्रदातालाई मात्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ ।

(११) उपनियम (१०) बमोजिम छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई सात दिनभित्र खरिद सम्झौता गर्न कार्यसम्पादन जमानत दाखिला गर्न सुचना दिनु पर्नेछ ।

(१२) उपनियम (११) को अवधीभित्र कार्यसम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा तीन दिनभित्र सोभन्दा लगत्तै पछिको अर्को कम कबोल अंक प्रस्ताव गर्ने बोलपत्रदताको बोलपत्र स्वीकृत गरी निजलाई यस नियम बमोजिम खरिद सम्झौता गर्न सात दिनको सुचना दिनु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिमको बोलपत्रदाता पनि कार्यसम्पादन जमानत दाखिला गरी दरिद सम्झौता गर्न नआएमा तीन दिन भित्र क्रमशः त्यसपछिको न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई यस नियमबोजिम खरिद सम्झौता गर्न सात दिनको सुचना दिनु पर्नेछ ।

(१४) यपनियम (११), (१२) वा (१३) बमोजिम बोलपत्र दाताले सम्झौता गर्न नआएमा कार्यालयले उक्त बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई नियम १४१ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

१९. **मूल नियमावलीको नियम ४५ मा संशोधनः** मूल नियमावलीको नियम ४५ को खण्ड (झ) पछि देहायको खण्ड (झ१.) थप गरिएको छः

[v](झ१) डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद गर्दा आयोजना सम्बन्धी उपलब्धी जानकारीहरुका साथै आवश्यकता अनुसार आयोजनाको सर्वेक्षण, डिजाइन, नक्सा, गुणस्तर जाँच र सुनिश्चितता सम्बन्धी व्यवस्था र आयोजनाले प्राप्त गर्नु पर्ने उपलब्धिको सूचक सहितको विवरण ।

२०. **मूल नियमावलीको नियम ५६ मा संशोधनः** मूल नियमावलीको नियम ५६ को उपनियम (१) को खण्ड (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः

तर विद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सुचना आह्वान गरिएकोमा यस उपनियम बमोजिमको दस्तुर लागेनेछैन ।

२१. **मूल निमयमावलीको नियम ६२ मा संशोधनः** मूल नियमावलीको नियम ६२ को खण्ड (क) र (ख) मा दश करोड रुपैँयाको सट्टा पचास करोड बनाइएको छ ।

२२. **मूल नियमावलीको नियम ७३ मा संशोधनः** मूल नियमावलीको नियम ७३ को उपनियम (५) पछि देहायको उपनियम (६) थप गरिएको छः

[v](६) यस नियममा अन्यत्र जजुसुकै कुरा लेखिएको भए तापनि रासायनिक मल खरिद सम्बन्धी बोलपत्रको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा नियम १२ को उपनियम (४) बमोजिमको संशोधित लागत अनुमानका आधारमा बोलपत्र मूल्याङ्कन गर्नु पर्नेछ ।

२३. **मूल नियमावलीको नियम ७४ मा संशोधनः** मूल नियमावलीको नियम ७४ को उपनियम (२) पछिका सबै हटाइ देहाय अनुसार उपनियमहरु राखिएका छन् :

*(२) मूल्यांकन समितिले बोलपत्र मूल्यांकन गर्दा उपनियम (१) को खण्ड (ग) बमोजिमको अवसथा पाइएमा सो समितिले त्यस्तो बोलपत्रदातसंग दर विश्लेषण सहितको स्पस्टीकरण माग गर्नु पर्नेछ ।

(२क) उपनियम (२) बमोजिम बोलपत्रदाताले पेस गरेको तर विश्लेषणलाई निजले उल्लेख गरेको कार्यसम्पादन गर्ने तरिका, प्रविधि तथा व्यवस्थापन विधि समेतको आधारमा प्रचलित नम्स र दररेट अनुसार दर विश्लेषण गरी तुलना गर्नु पर्नेछ ।

(२ख) उपनियम (२क) बमोजिम गरिएको दर विश्लेषणको आधारमा बोलपत्रदाताले पेस गरेको दररेटबाट खरिद कार्यसम्पादन हुन सक्ने वा नसक्ने व्यहोरा आधार र कारण समेत मूल्यांकन प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) मूल्याङ्कन समितिले उपनियम (२) बमोजिम मूल्याङ्कन समितिले माग गरेको आधारमा बोलपत्रदाताले पेश गरेको स्पष्टीकरणलाई उपनियम (२क) बमोजिम दर विश्लेषण गरी तुलना गर्दा कार्यसम्पादन हुन सक्ने आधार सन्तोषजनक नदेखिएमा त्यस्तो बोलपत्रदातासंग निजको बकुल अंकको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ ।

(३क) उपनियम (३) बमोजिम लिइने कार्यसम्पादन जमानतको अवत्धी सम्झौता सम्पन्न हुने अवधीभन्दा कम्तीमा थप एक महिनाको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम लिइएको थप कार्य सम्पादन जमानत खरिद सम्झौता बमोजिमको निर्माण कार्यको पचास प्रतिशत भौतिक प्रगति हासिल भएको र असन्तुलित वा

अस्वाभाविक दर प्रस्ताव गरिएका आइटम सन्तोषजनक रुपमा सम्पन्न भएको प्रमाणित भएपछि फिर्ता गर्नु पर्नेछ ।

"(४क) मूल्यांकन समितिले ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्यांकन गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना हुने छैन ।

"(४ख) उपनियम (४क) को प्रयोजनको लागि कार्यालय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता मध्ये कार्यालय वा आयोजनालाई आवश्यक पर्ने हदसम्मको विवरण सो निकाय वा आयोजनाबाट लिई बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात साथ पेश गर्नु पर्नेछ ।

"(४ग) बोलपत्रदाताले आफूले गरेको अधिकतम कारोबार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोवार रकमको औषत वार्षिक कारोवार (टर्न ओभर) रकम बढीमा पाँच गुणाले हुन आउने रकमसम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्यांकनको आधारको रूपमा लिनु पर्नेछ । यसरी तीन आर्थिक वर्षको वार्षिक कारोबार गणना गर्दा तत्काल अघिको दश आर्थिक वर्ष भित्रबाट गणना गर्नु पर्नेछ ।

"(४घ) उपनियम (४ग) बमोजिम वार्षिक कारोबार रकमको पाँच गुणाले हुन आउने रकम गणना गर्दा बोपत्रदाताको चालु ठेक्कको लागि वार्षिक दायित्व रकम घटाएर मात्र एकिन गर्नु पर्नेछ ।

"(४घ१) यस नियमावलीमा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ भएपछि एकल वा संयुक्त उपक्रमको रूपमा पाँच वटा खरिद सम्झौता गरी सो सम्झौता बमोजिम कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भएपछि निर्माण कार्यको लागि आव्हान हुन बोलपत्र प्रक्रियामा एकल वा संयुक्त उपक्रमको रूपमा भाग लिन पाउने छैन ।

"(४घ२) उपनियम (४३१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाको निर्माण कार्य सो उपनियमको प्रयोजनको लागि गणना गरिने छैनः-

"(क) यो उपनियम प्रारम्भ हुनु अघि बोलपत्र आव्हान भएको वा खरिद सम्झौता भएको,

"(ख) यो उपनियम प्रारम्भ भएपछि बोलपत्र आह्वान भई खरिद सम्झौता भएकोमा नियम १२६ बमोजिमको कार्य स्वीकार प्रतिवेदन पेश भई स्वीकृत भएको वा

"(ग) सबै प्रकारका बैदेशिक सहायतामा सञ्चालित हुने गरी बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको ।

"(४घ३) यो उपनियम प्रारम्भ भएपछि आव्हान भएको बोलपत्र प्रकृयामा भाग लिंदा निर्माण व्यावसायीले पाँच वटाभन्दा बढी खरिद सम्झौता नभएको स्वघोषणा गर्नु पर्नेछ र त्यसरी स्वघोषणा गरिएको विषयलाई कार्यालयले बोलपत्र मूल्यांकन गर्दा नियम १५९ को उपनियम (६क) बमोजिमको अभिलेखसँग भिडाउनु पर्नेछ ।

५(४घ४) उपनियम (४घ१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा बढीमा पच्चीस प्रतिशत सम्मको साझेदारीमा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रूपमा अन्तर्राष्ट्रियस्तरको पाँच वटाभन्दा बढी बोलपत्रको प्रकृयामा समेत भाग लिई सम्झौता गर्न सकिनेछ ।

तर त्यस्तो निर्माण व्यवसायिले यो उपनियम प्रारम्भ भएपछि आव्हान हुने एकै प्रकृतिको कामको लागि अन्तर्राष्ट्रियस्तरको तीनवटा वा सोभन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिई खरिद सम्झौता गरेको भएमा सो समेत पाँच वटाभन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिन सक्ने छैन।

५(४ङ) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसँग चालू अवस्थामा रहेको खरिद सम्झौताको संख्या, बोलपत्र सम्बन्धी अन्य विवरण तथा कागजात सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्र सम्बन्धी कागजातसाथ विवरण पेश गर्नु पर्नेछ। यसरी पेश भएको विवरण झुटा ठहरिएमा निजले पेश गरेको बोलपत्रलाई मूल्यांकन प्रकृयाबाट हटाई ऐनको दफा ६३ बमोजिम कालो सूचीमा राख्न लेखी पठाउनु पर्नेछ र प्रचलित कानून बमोजिम कुनै कारवाही हुनेमा त्यस्तो कारवाही समेत गरिनेछ ।

५(४ङ१) उपनियम (४ङ) बमोजिम बोलपत्रदाताले आर्थिक क्षमता सम्बन्धमा स्वयं घोषणा गरी कागजात तथा विवरण पेश गर्दा निजको आर्थिक क्षमतासँग सम्बन्धित नगद प्रवाहको व्यवस्था गर्न सक्ने तरल सम्पत्ति र अन्य वित्तीय स्रोत समेत खुलाउनु पर्नेछ ।

५(४ङ२) उपनियम (४ङ१) को अधीनमा रही कुनै बोलपत्रदाताले बोलपत्र पेश गर्दा पाँच वटा भन्दा बढी बोलपत्र पेश गरेमा त्यसरी पेश भएका बोलपत्रहरूमध्ये बोलपत्र स्वीकृतिका लागि छनोट भएका शुरूका पाँचवटा बोलपत्रमा सम्झौता गर्नु पर्नेछ र सो भन्दा पछिका अन्य सबै बोलपत्र स्वतः मूल्यांकनको प्रक्रियाबाट हटेको मानिनेछन । यस उपनियमको प्रयोजनको लागि बोलपत्रको क्रम निर्धारण गर्दा बोलपत्र स्वीकृत भएको मितिको आधारमा निर्धारण गर्नु पर्नेछ ।

५(४ङ३) उपनियम (४ङ२) बमोजिम खरिद सम्झौता गरेका निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौ बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र कार्यालयलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

५(४ङ४) उपनियम (४ङ३) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा कार्यालयले त्यस्तो बोलपत्रदातालाई बोलपत्रको मूल्यांकन प्रक्रियाबाट हटाउनु पर्नेछ । यसरी मूल्यांकन प्रक्रियाबाट हटाइएका बोलपत्रदाताबाट पेश भएको बोलपत्र जमानत जफत गरिने छैन ।

५(४ङ५) उपनियम (४ङ३) बमोजिम कार्यालयलाई जानकारी नगराएमा वा जानकारी गराउनु पर्ने अवधि व्यतीत भएपछि जानकारी गराएमा वा कार्यालयले अन्य कुनै माध्यमबाट जानकारी प्राप्त गरेमा कार्यालयले त्यस्तो बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई नियम १५२ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्नेछ ।

५(४च) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा खुद दायित्वभन्दा सम्पत्ति बढी भएको हुनु पर्नेछ ।

(४छ) उपनियम (४क), (४ख), (४ग), (४घ), (४ङ), (४ङ१) र (४च) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुनु अघि मूल्यांकन प्रकृयामा रहेका बोलपत्रको हकमा यो नियम प्रारम्भ हुनु अघि कायम रहेको व्यवस्था बमोजम हुनेछ ।

२४. **मूल नियमावलीको नियम ७४क. मा संशोधनः** मूल नियमावलीको नियम ७४क. को सट्टा देहायको नियम ७४ राखिएको छः

७४क. प्राविधिक र आर्थिक प्रस्तावको अंकभार निर्धारण भएको बोलपत्रको मूल्यांकन सम्बधी व्यवस्थाः (१) ऐनको दफा १० को उपदफा (२ख) बमोजिम प्रावधिक र आर्थिक प्रस्तावको अंकभार निर्धारण गरी बोलपत्र आह्वान भएकवमा पेश भएका बोलपत्रको बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित नियम २७, २९ र ३१ बमोजिमका योग्यताका आधारमा ऐनको दफा २३ नियम ६९, ७०, ७१ र ७२ बमोजिम मूल्यांकन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिएको मूल्यांकनमा सफल हुने बोलपत्रदाताको नियम २६क. को उपनियम (३) र (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्यांकन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा मूल्यांकन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रुपमा मूल्यांकन गरी बोलपत्रदाताले प्राप्त गरेको अंक यकिन गर्न पर्नेछ ।

(४) मूल्याकन समितिले प्राविधिक प्रस्तावको मूल्यांकन गर्नको लागि सहयोग पुर्याउन सम्बन्धित विज्ञहरु सहितको तीन सदस्यीय उपसमिति गठन गर्न सक्नेछ ।

(५) उपनियम (३) बमोजिम अंक यकिन भएपछि सो समितिले समितिका प्रत्येक सदस्यले प्रदान गरेको अंक गणना गरी त्यस्तो प्रस्तावले प्राप्त गरेको औसत अंक निकाल्नु पर्नेछ।

(६) मूल्यांकन समितिले प्राविधिक प्रस्तावको मूल्यांकनको कार्य समाप्त नभसम्म आर्थिक प्रस्ताव खोल्नु हुँदैन ।

२५. **मूल नियमावलीमा नियम ७४ ख. थपः** मूल नियमावलीमा देहाय अनुसार नियम ७४ख. थप गरिएको छः

७४ख. मूल्यांकन प्रतिवेदन तयार गर्नु पर्नेः (१) मूल्यांकन समितिले नियम ७४क. बमोजिमको मूल्याकन सम्बन्धी कारवाही सम्पन्न भएपछि प्राविधिक मूल्यांकन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

क. बोलपत्र दाताको नाम र ठेगानाः

ख. बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सही छाप भए वा नभएकोः

ग. बोलपत्रदाता प्रस्ताव पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्ने कागजाताहरु पेश भए वा नभएको

घ. सयुक्त उपक्रम सम्बन्धी सम्झौता आवश्यक भए सो पेश भए वा नभएको

ङ. बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप प्रस्ताव पूर्ण भए वा नभएको

२६. **मूल नियमावलीमा नियम ७४ग. थपः** मूल नियमावलीमा देहाय अनुसार नियम ७४ग. थप गरिएको छः

७४ग. प्राविधिक प्रस्ताव मूल्यांकन गरी छनौट भएको सुचना दिनुपर्नेः (१) कार्यालयले नियम ७४क. बमोजिम मूल्यांकनमा सफल हुने बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति

र समय उल्लेख गरी सो स्थान, मिति र समयमा उपस्थित हुन राष्ट्रिय स्तरको बोलपत्रको हकमा सात दिन र अन्तराष्ट्रिय स्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधी दिई सुचना दिनु पर्नेछ ।

(२) नयम ७४क. को उपनियम (१) बमोजिम गरिएको मूल्यांकनमा सफल नहुने बोलपत्रदातालाई निजको प्राविधिक प्रस्ताव छनौट हुन नसकेको कारण खुलाई सुचना सहित पाँच दिन भित्र निजको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्नेछ ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्ने छैन ।

२७. **मूल नियमावलीमा नियम ७४घ. थपः** मूल नियमावलीमा देहाय अनुसार नियम ७४घ. थप गरिएको छः

७४घ. आर्थिक प्रस्ताव खोल्नेः (१) नियम ७४ग. को उपनियम (१) बमोजिम निर्धारित स्थान, मिति र समयमा आर्थिक प्रस्तावको खाम खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोल्नु पर्नेछ ।

तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

(२) उपनियम (१) बमोजिम आर्थिक प्रस्तावको खाम खोलेपछि मूल्यांकन समितिले बोलपत्रदाताको नाम, निजले प्राविधिक प्रस्तावमा प्राप्त गरेको अंक र आर्थिक प्रस्तावमा प्रस्ताव गरेको बकुल अंक पढेर सुनाई देहाय बमोजिमको विषयहरु खुलाई मुचुल्का तयार गर्नु पर्नेछः

क. बोलपत्रदाताको नाम र ठेगानाः

ख. प्रस्तावित कबुल अंक

ग. प्रस्तावित कबुल अंकमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा

घ. अंक र अक्षरका बिच भिन्नता भए सो भिन्नताको विवरण

ङ. आर्थिक प्रस्तावमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए नभएको

च. आर्थिक प्रस्तावमा कुनै कुरा वा व्यहोरा केरमेट गरेको भए सो ठाउमा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे, नगरेको तथा केरमेट गरेको रकम र व्यहोरा र

छ. कार्यालयले उपयुक्त ठानेको अन्य आवश्यक कुराहरु ।

२८. **मूल नियमावलीमा नियम ७४ङ. थपः** मूल नियमावलीमा देहाय अनुसार नियम ७४ङ. थप गरिएको छः

७४ङ. आर्थिक प्रस्तावको मूल्यांकनः (१) मूल्यांकन समितिले प्रत्येक बोलपत्रदाताको आर्थिक प्रस्तावको मूल्यांकन गर्दा उक्त प्रस्तावमा कुनै अकमा गणितीय त्रुटि पाइएमा कार्यालेे त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटि सच्याउदा एकाई दर र कुल रकममा भिन्नता भउमा एकाइ दर मान्य हुनेछ र सोही दर बमोजिम कुल रकम कायम गर्नु पर्नेछ । त्यसरी त्रुटि सच्याइएको भएमा सोको जानकारी सम्बन्धित प्रस्तावदातालाई पाँच दिनभित्र दिनु पर्नेछ ।

(२) बोलपत्रदाताले आर्थिक प्रस्तावमा उल्लेख गरेको रकम, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ ।

(३) बोलपत्रदाताले कबुल गरेको कबुल अंकमा कुनै छुट दिन प्रस्ताव गरिएको कुरा आर्थिक प्रस्ताव खोलेको मुचुल्कामा उल्लेख भएको भए मूल्यांकन समितिले त्यसरी छुट दिन प्रस्ताव गरिएको रकम समायोजन गर्न पर्नेछ ।

(४) ऐनको दफा २५ को उपदफा (९) को प्रयोजनको लागि आर्थिक प्रस्तावको खुद प्राप्तांक गणना गर्नुअघि मूल्यांकन समितिले देहायको आर्थिक प्रस्तावलाई मूल्यांकन प्रक्रियाबाट हटाउनु पर्नेछः

क. ऐनको दफा २५ को उपदफा (७ख) बमोजिम स्वीकृत लागत अनुमानभन्दा तिस प्रतिशतभन्दा बढी घटेर कबुल गरिएको आर्थिक प्रस्ताव र

ख. स्वीकृत लागत अनुमान भन्दा सारभुत रुपमा बढी कबुल गरिएको आर्थिक प्रस्ताव ।

(५) उपनियम (४) को खण्ड (ख) बमोजिम मूल्याकन गर्दा प्राविधिक मूल्यांकनमा सफल भएका सबै बोलपत्रदाताका आर्थिक प्रस्ताव मूल्यांकन प्रक्रियाबाट हट्ने अवस्था भएमा खरिद कारवाही रद्द गर्नु अघि सबैभन्दा कम कबुल अंक प्रस्ताव गर्ने बोलपत्रदातासंग ऐनको दफा २६ को उपदफा (१ग) र (१घ) को अधिनमा रही कबुल अक स्वीकृत लागत अनुमानभित्र कायम गरी वार्ता गरी खरिद कारवाही अघि बढाउन सकिनेछ ।

(६) उपनियम (५) बमोजिमको बोलपत्रदातासंग ऐनको दफा २६ को उपदफा (१ग) बमोजिम एकमुष्ट छुट प्रतिशतमा सहमति हुन नसकेमा खरिद कारवाही रद्द गरिनेछ ।

२९. **मूल नियमावलीमा नियम ७४च. थपः** मूल नियमावलीमा देहाय अनुसार नियम ७४च. थप गरिएको छः

७४च. बोलपत्रदाताको छनोटः मूल्यांकन समितिले नियम ७४क. र ७४ङ. बमोजिम प्राविधिक र आर्थिक प्रस्तावको मूल्यांकन गरे पश्चात् देहाय बमोजिम मूल्याकन गरी सयुक्त मूल्यांकनमा उच्चतम अंक प्राप्त गर्ने बोलपत्रदाता छनोट गर्नु पर्नेछः

क. **मूल्यांकन** गरिने बोलपत्रदाताको प्राविधिक प्रस्तावको प्राप्तांकलाई प्राविधिक प्रस्तावको लागि छट्ट्याइएको अंक भारले गुणा गरी प्राप्त गुणनफललाई एक सय अंकले भाग गर्दा आउने भागफलको अंक प्राविधिक प्रस्तावको खुद प्राप्तांक हुनेछ ।

ख. प्राविधिक प्रस्तावको मूल्यांकनबाट सफल प्रस्तावहरुमध्ये सबैभन्दा घटी कबुल अंकलाई आर्थिक प्रस्तावको लागि छट्ट्याइएको अंकभारले गुणा गरी प्राप्त गुणनफललाई मूल्यांकन गरिने बोलपत्रदाताको कबुल अंकले भाग गर्दा आउने भागफलको अंक प्रस्तावको खुद प्राप्तांक हुनेछ ।

ग. खण्ड (क) र (ख) बमोजिमको प्राविधिक र आर्थिक प्रस्तावको खुद प्राप्तांक जोडी सयुक्त मूल्यांकन गर्दा उच्चतम अंक पाउने त्यस्तो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न छनोट गर्नु पर्नेछ ।

१. प्राविधिक प्रस्तावलाई छुट्ट्याइएको कुल अंक भारः ५०

क, ख र ग बोलपत्रदाताले प्राविधिक प्रस्तावमा पाएको अंकः

क = ९०

ख = ८५

ग = ८०

उपर्यक्त अंकको आधारमा प्राविधिक प्रस्तावमा पाउने अंक गणना गर्ने तरीकाः

$$\text{प्राविधिक प्रस्तावमा आउने अंक} = \frac{\text{सबन्धित बोलपत्रदाताबाट प्राप्त प्राविधिक प्रस्तावमा अंक} \times \text{प्राविधिक प्रस्तावको अंकभार}}{१००}$$

$$क = \frac{९०\times५०}{१००} = ४५$$

$$ख = \frac{८५\times५०}{१००} = ४२.५$$

$$ग = \frac{८०\times५०}{१००} = ४०$$

(२) आर्थिक प्रस्तावलाई छुट्ट्याइएको अंक भार = ५०

प्राविधिक प्रस्तावमा सफल भएका तथा आर्थिक प्रस्तावमा लागत अनुमान भन्दा सारभूतरुपमा बढी बोल अंक कबुल नगरेका क, ख र ग बोलपत्रदाताले आर्थिक प्रस्तावमा कबुल गरेको रकमः

क = ४,५०,०००।-

ख = ४,३०,०००।-

ग = ४,२०,०००।-

तसर्थ सबैभन्दा घटी कबुल गरेको रकम = ४,२०,०००।—

उपर्युक्त अंकको आधारमा आर्थिक प्रस्तावमा पाउने अंक गणना गर्ने तरीकाः-

आर्थिक प्रस्तावमा पाउने अंक =

सबैभन्दा घटी कबुल गरेको रकम " आर्थिक प्रस्तावको अंकभार

सम्बन्धित बोलपत्रदाताबाट कबुल गरेको रकम

$$क = \frac{४२०००० \times ५०}{४५००००} = ४६.६७$$

$$ख = \frac{४२०००० \times ५०}{४३००००} = ४८.८४$$

$$ग = \frac{४२०००० \times ५०}{४२०००० } = ५०$$

(३) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको सयुक्त मूल्यांकनबाट पाउने कुल अंक विवरणः

बोलपत्रदाता	प्राविधिक प्रस्तावको खुद प्रसांक	आर्थिक प्रस्तावको खुद प्राप्तांक	कुल अंक	कैफियत
क	४५	४६.६७	९१.६७	सबैभन्दा बढी अंक पाउने बोलपत्रदाता

				"क" छनोट गर्नुपर्ने
ख	४२.५	४८.८४	९१.३४	
ग	४०	५०	९०	

३०. मूल नियमावलीको नियम ७६ मा संशोधनः मूल नियमावलीको नियम ७६ को उपनियम (१) को खण्ड (क) मा दश करोडको सट्टा बीस करोड र खण्ड (ख) र (ग) मा बीस करोडको सट्टा एक अर्ब बनाइएको छ ।

मूल नियमावलीको नियम ७६ को उपनियम (३) झिकिएको छ ।

३१. मूल नियमावलीको नियम ७८ मा संशोधनः मूल नियमावलीको नियम ७८ को खण्ड (च) पछि देहायको खण्ड (च१) र (च२) थपिएको छः

(च१) परामर्शदाताको मुख्य जनशक्तिको रुपमा प्रस्तावित परामर्शदाता सम्झौता पश्चात् काम गर्न नसक्ने गरी विरामी भएको, दुर्घटनामा परेको वा मृत्यू भएको वा अन्य मनासिव कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रुपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने कुरा,

(च२) कुनै परामर्शदाता मुख्य जनशक्तिको हैसियतले सम्झौता बमोजिम पूर्णकालीन रुपमा संलग्न रहेको अवस्थामा सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सो सम्झौता बमोजिमको कार्यतालिकामा दोहोरो पर्ने गरी सोही व्यक्तिको व्यक्तिगत विवरण अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न नमिल्ने कुरा,

३२. मूल नियमावलीको नियम ७९ मा संशोधनः मूल नियमावलीको नियम ७९ को उपनियम (१) मा भएको बीस लाख भन्ने शब्दको सट्टा पचास लाख बनाइएको छ ।

मूल नियमावलीको नियम ७९ को उपनियम (१) पछि देहायको उपनियम (१क.) थप गरिएको छः

(१क) कार्यालयले बीस लाख रुपैयादेखि पचास लाख रुपैयासम्म मूल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको (क) बमोजिम कम्तीमा सात दिनको अवधी दिई सूचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्नेछ ।

मूल नियमावलीको नियम ७९ को उपनियम (२) पछि देहायको उपनियम (२क.) थप गरिएको छः

(२क) ऐनको दफा ३० को उपदफा (३) को अवस्थामा बाहेक बीस लाख रुपैयाभन्दा बढी पन्ध्र करोड रुपैयासम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नु परेमा राष्ट्रियस्तरको आशयपत्रदाता बीच मात्र प्रतस्पर्धा गराई आशयपत्र माग गर्नु पर्नेछ ।

३३. मूल नियमावलीको नियम ८१ मा संशोधनः मूल नियमावलीको नियम ८१ को उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः

तर सात दिनको सूचना प्रकाशन गरी आशयपत्र माग गरी यस नियम बमोजिम त्यस्तो परामर्श सेवा खरिद गर्न बाधा पर्ने छैन ।

३४. मूल नियमावलीको नियम ९० मा संशोधनः मूल नियमावलीको नियम ९० को उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छः

(७) ऐनको दफा ३८ को उपदफा (६) र (७) तथा दफा ५२ को उपदफा (२) को खण्ड (ठ) को प्रयोजनको लागि परामर्शदाताले सम्झौता भएको मितिले तीस दिनभित्र कार्यालयलाई निःशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स)

पेश गर्नु पर्नेछ । त्यस्तो विमाले परामर्शदाता तथा निजले परिचालन गर्ने जिम्मेवार पेशाविद्लाई समेत समेट्नु पर्नेछ ।

मूल नियमावलीको नियम ९० को उपनियम (७) पछि देहायका उपनियम(७क), (७ख) र (७ग) थप गरिएका छन्

(७क) उपनियम (७) बमोजिमको बिमाले अध्ययन सर्वेक्षण, अनुसन्धान, परीक्षण, डिजाइन, गणना, ड्रइङ, स्पेसिफिकेसन, प्रतिवेदन, सुपरिवेक्षण, प्रमाणीकरण वा सिफारीस तथा प्रभावित संरचना वा सोको कुनै अंश भत्काउने, सुधार गर्ने वा पुनर्निर्माण गर्ने कार्य वा अन्य पेशागत सेवा प्रदान गर्दा भएको त्रुटि, भुल, कमी, लापरवाही वा पेशागत दायित्वको उलंघनबाट उत्पन्न पेशागत जोखिम तथा दायित्व समेट्नु पर्नेछ ।

(७ख) उपनियम (७) बमोजिमको बिमावापत लाग्ने बिमा शुल्क खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ र त्यस्तो शुल्क परामर्श सेवाको लागत अनुमान र प्रस्तावित रकममा समावेश गर्नु पर्नेछ ।

(७ग) उपनियम (७) बमोजिमको बिमाले परामर्श सेवा प्रारम्भ भएको मितिदेखि खरिद सम्झौतामा तोकिएको पेशागत दायित्वको अवधी समाप्त नभएसम्म कायम रहेको हुनु पर्नेछ ।

३५. मूल नियमावलीको नियम ९४ मा संशोधनः मूल नियमावलीको नियम ९४ को उपनियम (७) मा देहायका प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः

तर विद्युतीय खरिद प्रणालीबाट सिलबन्दी दरभाउ पत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्ने छैन ।

३६. मूल नियमावलीको नियम ९५ मा संशोधनः मूल नियमावलीको नियम ९५ को उपनियम (१) को खण्ड (क) मा दश लाखको सट्टा पन्ध्र लाख बनाइएको छ ।

मूल नियमावलीको नियम ९५ को उपनियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गरिएको छः

(घ) वेभसाइड, वेभ पोर्टल, सफ्टवेयर, सूचना प्रणाली, सर्भर, नेटवर्क वा अन्य सूचना प्रविधि सम्बन्धी प्रणालीको पाँच लाख रुपैयासम्मको मर्मत सम्भार, अद्यवधिक वा प्राविधिक सहायता सेवा ।

मूल नियमावलीको नियम ९५ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

मूल नियमावलीको नियम ९५ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ।

(३क) उपनियम (२), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै औषधिजन्य मालसमान उत्पादन गर्ने विश्व स्वास्थ्य संगठनबाट पूर्वयोग्यता प्राप्त एकमात्र औषधि उत्पादक कम्पनी भएकोमा त्यस्तो उत्पादकबाट खरिद गर्नुपर्दा जतिसकै रुपैयासम्मको भए पनि सोझै वार्ता गरी त्यस्तो औषभिजन्य मालसामान खरिद गर्न सकिनेछ ।

३७. मूल नियमावलीमा नियम ९६क. र ९६ख. थप गरिएकोः मूल नियमावलीमा देहाय अनुसार नियम ९६क. र ९६ख. थप गरिएको छः

९६क. सरकारी ई-मार्केटप्लेस सम्बन्धी व्यवस्थाः (१) सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दपा ४१क बमोजिमको सरकारी ई-मार्केटप्लेसको विकास र सन्चालन गर्न सक्नेछ ।

(२) कार्यालयले सरकारी ई-मार्केटप्लेस मार्फत खरिद गर्दा देहायको रकमको सिमाभित्र रही खरिद गर्नुपर्नेछः

क. दश लाख रुपैयासम्मको लागत अनुमान भएको मालसामान वा अन्य सेवा एउटा मात्र उत्पादक, आपूर्तिकर्ता वासेवा प्रदायकसँग सोझै खरिद,

ख. बिस लाख रुपैयासम्मको लागत अनुमान भएको मालसामान वा अन्य सेवा कम्तीमा तीन वटा उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायकसँग दरभाउपत्र माग गरी न्यूनतम मूल्यमा सोझै खरिद र

ग. पचास लाख रुपैयासम्मको खरिद नियम ३१झ बमोजिम कबोल अंक घटाघट (रिभर्स अक्सन) को विधि प्रयोग गरी ।

(३) सरकारी ई-मार्केटप्लेसमा दर्ता हुन इच्छुक स्वदेशी उत्पादक, आपूर्तकर्ता वा सेवाप्रदायकले तीन हजार रुपैया दस्तुर तिर्नु पर्नेछ र प्रत्येक वर्ष नविकरण गर्न एक हजार रुपैया तिर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम नविकरण नगर्ने स्वदेशी उत्पादक, आपूर्तिकर्ता वा सेवाप्रदायकको सरकारी ई-मार्केटप्लेसको दर्ता निस्क्रिय गर्नु पर्नेछ ।

(५) ई-मार्केटप्लेसमार्फत खरिद गर्न सकिने मालसामान तथा अन्य सेवाहरुलाई विभिन्न समूहमा बर्गीकरण गर्न सकिनेछ ।

९६ख. खरिद सम्बन्धी बिशेष व्यवस्थाः ऐनको दफा ४२क. को प्रयोजनका लागि कार्यालयलाई अत्यावश्यक पर्ने त्यस्तै प्रकृतिका विषय नेपाल सरकार मन्त्रिपरिषद्ले समय समयमा निर्णय गरी निर्धारण गर्नेछ ।

३८. मूल नियमावलीमा नियम १०४क. थप गरिएकोः मूल नियमावलीमा देहायअनुसार नियम १०४क. थप गरिएको छः

१०४क. व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि जग्गा खरिद सम्बन्धी व्यवस्थाः (१) कार्यालयले व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि जग्गा खरिद गर्नुपर्ने भएमा जग्गाको आवश्यकता, प्रयोजन, आवश्यक क्षेत्रफल, स्वीकृत बजेट तथा अपेक्षित प्रतिफलको आधारमा कार्यपालिकाबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति प्राप्त भएपछि कार्यालयले आवश्यक जग्गाको विवरण, स्थान, क्षेत्रफल, प्रयोजन तथा अन्य आवश्यक सर्तहरु उल्लेख गरी राष्ट्रियस्तर वा स्थानीयस्तरको उपर्युक्त संचार माध्यमबाट कम्तीमा पन्ध्र दिनको अवधी दिई जग्गा उपलब्ध गराउन इच्छुक व्यक्तिहरुबाट प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रस्तावहरुको अध्ययन, निरीक्षण, मूल्याकन तथा उपयुक्त जग्गाको छनोट र मूल्य निर्धारण गरी कार्यालय समक्ष सिफारीस गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

क. गाउँपालिका अध्यक्ष — संयोजक

ख. जग्गा रहेको वडाको वडा अध्यक्ष - सदस्य

ग. भूमि प्रशासन शाखाको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

घ. नापी शाखाको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

ङ. कार्यालयले तोकको अधिकृतस्तरको कर्मचारी — सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको समितिले आवश्यकतानुसार सम्बन्धित विषयका विज्ञ वा अन्य सरोकारवाला व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपनियम (२) बमोजिम प्रस्ताव प्राप्त भएमा समितिले देहायका विषयमा अध्ययन तथा परीक्षण गर्नु पर्नेछः

क. प्रस्तावित जग्गाको स्थान, क्षेत्रफल तथा पहुँच,

ख. कार्यालयको व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि जग्गाको उपयुक्तता,

ग. जग्गाको स्वामित्व, सिमाना तथा कानूनी अवस्था,

घ. सम्बन्धित क्षेत्रमा प्रचलित बजार मूल्य,

ङ. आवश्यक पूर्वाधार तथा सेवा सुविधाको उपलब्धता,

च. खरिदबाट कार्यालयलाई हुने आर्थिक, व्यावसायिक वा अन्य लाभ र

छ. अन्य आवश्यक देखिएका विषयहरु ।

(६) उपनियम (५) बमोजिम अध्ययन तथा स्थलगत निरीक्षण गरी समितिले प्रस्तावित जग्गाहरुमध्ये कार्यालयको प्रयोजनका लागि उपयुकत देखिएको जग्गाको छनोट गर्नु पर्नेछ।

(७) उपनियम (२) बमोजिमको सूचना आह्वान गर्दा कुनै प्रस्ताव प्राप्त नभएमा वा प्राप्त प्रस्तावहरु उपयुक्त नभएमा कायालयले उपयुक्त देखिएको जग्गा धनीसँग प्रत्यक्ष वार्ता गरी जग्गा खरीद प्रक्रियालाई अगाडी बढाउन सक्नेछ।

(८) समितिले स्थलगत निरीक्षण समेत गरी खरिद गर्न प्रस्ताव गरिएको जग्गाको उपयुक्तता सम्बन्धमा स्पस्ट आधार र कारण सहितको प्रतिवेदन तयार गरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको प्रतिवेदनबाट जग्गा खरिद गर्न उपयुक्त देखिएमा समितिले देहायका आधारमा खरिद गरिने जग्गाको अधिकतम मूल्य निर्धारण गरी कार्यालय समक्ष सिफारीस गर्नु पर्नेछः-.

क. भूमि प्रशासनले कायम गरेको मूल्यांकन,

ख. सम्बन्धित वडाबाट सिफारीस गरिएको प्रचलित मूल्य,

ग. सोही क्षेत्र वा आसपासमा हालै भएका समान प्रकृतिका जग्गा कारोवारको मूल्य र

घ. जग्गाको स्थान, पहुँच, क्षेत्रफल, उपयोगिता तथा उपलब्ध पूर्वाधारको अवस्था ।

(१०) उपनियम (९) बमोजिम निर्धारण गरिएको अधिकतम मूल्य ननाघ्ने गरी कार्यालय र जग्गा धनीबिच वार्ता गरी जग्गा खरिद गर्न सकिनेछ ।

(११) स्वामित्व ववाद भएको रोक्का रहेको, कानूनी जटिलता भएको वा कार्यालयको प्रयोजनका लागि अनुपयुक्त देखिएको जग्गा खरिद गर्न पाईनेछैन ।

(१२) यस नियम बमोजिम खरिद गरिएको जग्गा सम्बन्धि सम्पूण निर्णय, प्रतिवेदन, मूल्यांकन, वार्ताको विवरण, सम्झौता तथा अन्य सम्बन्धित कागजातको अभिलेख कार्यालयले सुरक्षित राख्नु पर्नेछ ।

३९. मूल नियमावलीको नियम १०५ मा संशोधनः मूल नियमावलीको नियम १०५ को उपनियम (३) मा पाँच लाखको सट्टा दश लाख बनाइएको छ ।

४०. मूल नियमावलीको नियम १०७ मा संशोधनः मूल नियमावलीको नियम १०७ को उपनियम (१) मा प्रचलित कानून बमोजिम दर्ता भएको भन्ने शब्द थपिएको छ ।

मूल नियमावलीको नियम १०७ को उपनियम (१८) पछि देहायका उपनियमहरु थपिएका छन् :

(१९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समितिले कार्यालयसँग गरेको सम्झौता अनुसारको निर्माण कार्य पूर्णरूपमा सम्पन्न नगरेमा वा कार्यालयले उपलब्ध गराएको लागत अनुमान अनुसार निर्माण कार्य नगरेमा, गुणस्तरीय कार्य नगरेमा र उपभोक्ता समितिले गरेको कार्यमा त्रुटी भएको समुदायस्तरबाट गुनासो आएमा कार्यालयले त्यस्तो निर्माण कार्यको निरीक्षण वा अनुगमन गरी उपभोक्ता समितिलाई पुनः निर्माण कार्य गर्न लगाउन सक्नेछ ।

(२०) उपनियम (१९) बमोजिम उपभोक्ता समितिले पुनः निर्माण कार्य गर्दा उपभोक्ता समितिले कार्यालयबाट त्यस्तो निर्माण कार्यको भुक्तानी पहिले लिई सकेको भएमा कार्यालयले उपभोक्ता समितिको खाता रहेको बैंकलाई पत्राचार गरी त्यस्तो उपभोक्ता समितिको खाता रोक्का गर्न सक्नेछ र कार्यालयबाट उपभोक्ता समितिको खाता रोक्का सम्बन्धी लिखित वा मौखिक जानकारी बैंकलाई भएमा बैंकले त्यस्तो उपभोक्ता समितिको खाता रोक्का गर्नु पर्नेछ र कार्यालयले रोक्का रहेको उपभोक्ता समितिको खाता फुकुवा गरिदिने लिखित पत्राचार वा अनुमति नदिंदा सम्म बैंकले खाता रोक्का भएको उपभोक्ता समितिलाई भुक्तानी दिनु हुदैन ।

(२१) स्थानीय स्तरमा उपलब्ध हुने श्रोत साधनको उपयोग हुने गरी सीप विकास तालिम ट्ठ्चालन गर्ने, उपभोक्ता समितिलाई योजना संचालन सम्बन्धी अभिमुखीकरण गर्ने, प्राविधिक सीपयुक्त दक्ष जनशक्ति विकास गर्ने, हस्तान्तरित योजना संचालन, व्यवस्थापन तथा मर्मत सम्भारको दक्षता विकास गर्ने, परमपरागत सीप स्तरोन्नति गर्ने र सो सम्बन्धी अभिलेख तथा तथ्यांक विकास गर्ने प्रयोजनका लागि स्थानीय व्यवसाय तथा सीप विकास तालिम केन्द्र स्थापना गर्न सकिनेछ ।

(२२) उपनियम (२१) बमोजिम हुने तालिम केन्द्र कार्यालयमा दर्ता गरी छुट्टै विनियमद्धारा संचालन गरिनेछ ।

(२३) उपनियम (२१) बमोजिम स्थापना हुने तालिम केन्द्रद्धारा विकास गरिएका दक्ष जनशक्तिले स्थानीय श्रोत, साधन र प्राप्त सीप उपयोग गरी प्रचलित कानून बमोजिम लघु उद्यम तथा उद्यम व्यवसाय स्थापना र संचालन गर्न सक्नेछन् ।

४१. मूल नियमावलीको नियम १०७क. झिकिएकोः मूल नियमावलीको नियम १०७क. मा भएको व्यवस्था झिकिएको छ ।

४२. मूल नियमावलीको नियम १०८ मा संशोधनः मूल नियमावलीको नियम १०८ को सट्टा देहायको नियम १०८ राखिएको छः

<u>अमानतबाट निर्माण कार्य गराउने</u> : (१) कार्यालयले अमानतबाट काम गर्न ऐनको दफा ४५ को उपदफा (१) को खण्ड (क) र (ग) बाहेकको अवस्थामा एक तह माथिको अधिकारीको स्वीकृति लिनु पर्नेछ ।

(२) कार्यालयले अमानतबाट काम गर्नुपर्दा ऐनको दफा ४५ को उपदफा (१) को खण्ड (ग) को अवस्था बाहेकको कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र यस नियमावलीको प्रकृया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्नेछ ।

४३. मूल नियमावलीको नियम ११९ मा संशोधनः मूल नियमावलीको नियम ११९ को उपनियम (१) मा उपदफा (४) बमोजिम पछि वा दफा ३८ को उपदफा (४) बमोजिम शब्द राखिएको छ ।

मूल नियमावलीको नियम ११९ को उपनियम (२) मा उपदफा (४) बमोजिम पछि वा दफा ३८ को उपदफा (४) बमोजिम शब्द राखिएको छ ।

मूल नियमावलीको नियम ११९ को उपनियम (५) पछि देहायको उपनियम (६) थप गरिएको छः

(६) यस नियममा अन्त्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले पूर्वाधार कम्पनीसँग निर्माण कार्य वा परामर्श सेवा सम्बन्धी सम्झौता गर्दा कार्यसम्पादन जमानत दाखिला गर्नु पर्नेछैन ।

४४. मूल नियमावलीमा नियम १२०क. थपः मूल नियमावलीमा देहाय अनुसार नियम १२०क. थप गरिएको छः

१२०क. <u>जोखिम बहन गर्नु पर्ने</u> : (१) डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने खरिदमा प्राकृतिक प्रकोपका कारण अप्रत्यासित रुपमा परिवर्तन हुन गएको भौतिक अवस्थाका सम्बन्धमा दावी अवधि (स्क्रुटनी पिरियड) मा निमार्ण व्यावसायीले गर्ने दावी बाहेक डिजाइन तथा ड्रइङ्ग, भौगर्भिक, व्यावसायिक, प्राविधिक लगायतका कारणले उत्पन्न हुने सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नु पर्नेछ ।

(२) ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिदमा डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्दा उत्पन्न हुने भौगर्भिक, व्यावसायिक तथा प्राविधिक लगायतका सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नु पर्नेछ ।

४५. मूल नियमावलीको नियम १२१ मा संशोधनः मूल नियमावलीको नियम १२१ को उपनियम (६) पछि देहायको उपनियम (६क.) र उपनियम (७) थप गरिएको छः

(६क) यस नियम बमोजिम बिमा गरिएको सार्वजनिक पूर्वाधार निर्माण कार्यमा बिमित जोखिमका कारण क्षति भएमा देहाय बमोजिम हुनेछः-

क. पूरै वा आंशिक रुपमा सम्पन्न भई कार्यालयबाट नापजाँच तथा प्रमाणित भएको निर्माण कार्यमा क्षति भएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्राविधिक अधिकारीले प्राविधिक परीक्षण, स्थलगत निरीक्षण, नापजाँच, कार्यसम्पन्न अभिलेख तथा सम्बन्धित कागजातका आधारमा क्षतिको परिमाण र रकम निर्धारण गर्ने,

ख. खण्ड (क) बमोजिम निर्धारण भएको रकममध्ये विवादरहित रकम बिमा कम्पनीले दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी गर्नु पर्ने,

ग. खण्ड (क) बमोजिम भएको क्षति निर्धारणमा असहमति जनाएमा विवादरहित रकमको भुक्तानी नरोक्ने गरी विवादित रकमको पुनरावलोकनका लागि बिमा कम्पनीले बिमा प्राधिकरण समक्ष निवेदन दिन सक्ने,

घ. खण्ड (ग) बमोजिम भएको पुनरावलवकनबाट फरक रकम कायम भउमा सोही बमोजिम थप भुक्तानी कट्टी वा समायोजन गर्ने,

ङ. खण्ड (क) मा उल्लिखित निर्माण कार्यबाहेक निर्माण सामाग्री, उपकरण, अस्थायी संरचना, नापजाँच तथा प्रमाणित नभएको अधुरो कार्य वा अन्य बिमित सम्पत्तिमा भएको क्षतिको रकम बिमा कम्पनीले बिमालेख प्रचलित कानुन तथा नियामकीय व्यवसथा बमोजिम निर्धारण गर्ने,

च. बिमा दाबी, प्रतिदावी, क्षति निर्धारण वा पुनरावलोकन बिचाराधीन रहेको कारणले मात्र सार्वजनिक पूर्वाधार निर्माण कार्य रोक्न नपाइने ।

(७) यस नियममा उल्लिखित प्रावधानको प्रतिकुल हुनेगरी बीमाको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानि नोक्शानी हुनपुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारी र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

४६. मूल नियमावलीको नियम १२२ मा संशोधनः मूल नियमावलीको निमय १२२ को उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः

*तर कार्यालयले पूर्वाधार कम्पनीसँग निर्माण कार्य वा परामर्श सेवा सम्बन्धी सम्झौता गरेको अवस्थामा यस उपनियम बमोजिमको जमानत लिनु पर्ने छैन ।

४७. मूल नियमावलीको नियम १२७ मा संशोधनः मूल नियमावलीको नियम १२७ को उपनियम (५) मा जारी गर्दा शब्द पछि आवश्यकतानुसार भन्ने शब्द थप गरिएको छ ।

मूल नियमावलीको नियम १२७ को उपनियम (५) पछि देहायका उपनियम (६) र (७) थप गरिएको छः

"(६) कार्यालयले डिजाइन र निर्माण सम्झौताका माध्यमबाट खरिद कार्य गर्दा देहायको कुनै अवस्थामा जाँचबुझ गरी भेरिएसन आदेश जारी गर्न सक्नेछ ।

(क) प्राकृतिक प्रकोपका कारण अप्रत्यासित रुपमा आयोजनाको भौतिक अवस्था परिवर्तन हुन गएमा, वा

(ख) कार्यालयले कुनै काम थप वा संशोधन गर्न लगाएतको अवस्थामा ।

"(७) ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद कार्य गर्दा सार्वजनिक निकायले कुनै काम थप वा संशोधन गर्न लगाएको अवस्थामा बाहेक भेरिएशन आदेश जारी गरिने छैन ।

४८. मूल नियमावलीको नियम १२९ मा संशोधनः मूल नियमावलीको नियम १२९ उपनियम (२) मा अवस्था देखिएमा भन्ने शब्द पछि उपनियम (२क) बमोजिमको अधिकारीले भन्ने शब्द थप गरिएको छ ।

मूल नियमावलीको नियम १२९ उपनियम (२) पछि देहायको नियम (२क.) थप गरिएको छः

(२क) उपनियम (२) बमोजिम देहायका अधिकारीले देहाय बमोजिमको खरिद सम्झौताको अवधी थप गर्न सक्नेछः-

क. सालवसाली ठेक्काको हकमा बढीमा अर्को एक आर्थिक वर्षसम्म प्रमुख प्रशासकीय अधिकृतले

ख. अन्य खरिद सम्झौताको हकमा शुरु सम्झौता अवधीको पचास प्रतिशत अवधिसम्म गाउँपालिका अध्यक्षले र

ग. खण्ड (ख) बमोजिमको सिमाभन्दा बढी अवधी थप गर्नुपर्ने भएमा कार्यपालिकाले।

मूल नियमावलीको नियम १२९ उपनियम (३) पछि देहाय अनुसार उपनियम (३क.), (३ख.) र (३ग.) थप गरिएको छः

(३क) आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले उपनियम (३) बमोजिम अवधी थप भएको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधी थप गरी पेश गर्ने पर्नेछ ।

(३ख) आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले उपनियम (३क) बमोजिमको अवधीभित्र कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधी थप गरी पेस नगरेमा सो अवधिपछि बढीमा पन्ध्र दिनसम्म सम्झौता रकमको शून्य दशमलब शून्य एक प्रतिशतका दरले प्रतिदिन जरिवाना तिर्नु पर्नेछ ।

(३ग) आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले उपनियम (३ख) बमोजिमको अवधीमा समेत कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधी थप गरी पेस नगरेमा कार्यालयले सम्झौता अन्त्य गर्न सक्नेछ ।

४९. मूल नियमावलीको नियम १३४ मा संशोधनः मूल नियमावलीको नियम १३४ को सट्टा देहायको नियम १३४ राखिएको छः

१३४. <u>कार्य सम्पन्न प्रतिवेदन तयार तथा स्वीकृत गर्नुपर्ने</u> : (१) खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको नक्शा(एज बिल्ट ड्रइङ) कार्यालयमा पेश गर्नु पर्नेछ।

[५](२) निर्माण कार्य सम्पन्न भएपछि त्रुटि सच्याउने दायित्वको अवधिभित्र कुनै त्रुटि देखिएमा कार्यालयले त्यस्तो त्रुटि एकिन गरी सम्बन्धित निर्माण व्यवसायीलाई समयमै जानकारी गराई सच्याउन लगाउनु पर्नेछ र त्यस्तो त्रुटि तथा सोको सुधार सम्बन्धी विवरणको अभिलेख राख्नु पर्नेछ ।

[५](३) त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायको प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन, स्पेसिफिकेसन तथा खरिद सम्झौता बमोजिम भए वा नभएको सम्बन्धित प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई सो बमोजिम भएको भए कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेछ । त्यस्तो प्रतिवेदनमा उपनियम (१) बमोजिमको नक्सा र उपनियम (२) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम तयार भएको कार्य सम्पन्न प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नुपर्नेछ । त्यसरी स्वीकृत गर्नु अघि आवश्यक देखेमा निजले आफैं जाँचबुझ गर्न वा अन्य प्राविधिक कर्मचारी वा प्राविधिक कर्मचारीहरुको टोलीबाट पुनः जाँचबुझ गराउन सक्नेछ ।

"(५) उपनियम (४) बमोजिम स्वीकृत कार्य सम्पन्न प्रतिवेदन जानकारी तथा अभिलेखका लागि बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि सार्वजनिक निकायले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र दिनुपर्नेछ ।

५०. **मूल नियमावलीको नियम १३७ मा संशोधनः** मूल नियमावलीको नियम १३७ को उपनियम (१) को खण्ड (घ) झिकिएको छ ।

५१. **मूल नियमावलीमा १५०क . थप गरिएकोः** मूल नियमावलीमा देहाय अनुसार नियम १५०क. थप गरिएको छः

१५०क. कर्मचारीलाई प्रोत्साहन, बोनस तथा अन्य सुविधा दिन सकिनेः पालिका गौरबका आयोजना, रुपान्तरणकारी आयोजना वा कार्यालयले तोके बमोजिमका खरिद सम्बन्धी कार्य सम्झौतामा तोकिएको शुरु अवधी अगावै गुणस्तरीय रुपमा सम्पादन गरी उत्कृष्ठ नतिजाप्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न सम्पूर्ण कर्मचारीलाई ऐनको दफा ६१ख. बमोजिम प्रोत्साहन, बोनस तथा अन्य सुविधा दिन सकिनेछ ।

आज्ञाले,
लोकेन्द्र बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपालिका